# राष्ट्रिय बीमा संस्थान

प्रधान कार्यालयः रा.बी.सं. भवन, रामशाह पथ, काठमाडौं, नेपाल ।
पत्र-मञ्जुषा नं. ५२७, फोन नं.: ४२६२५२० (हटिङ्ग लाईन) फ्याक्स नं.: ००९७७-१-४२६२६१०
इमेल : info@beema.com.np, वेबसाईट : www.beema.com.np

## खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्ने सम्वन्धि सूचना
## (प्रथम पटक प्रकाशित मिति: २०७६/०६/१० गते)

श्री लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम संस्थानमा रिक्त रहेका देहायका पदहरुमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले तपसिलको योग्यता पुगेका संस्थानले खटाएको जुनसुकै शाखा कार्यालयमा कार्य गर्न इच्छुक तथा फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित नभएको योग्य नेपाली नागरिकले आफुले प्राप्त गरेको नागरिकताको प्रमाणपत्र, विज्ञापन भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरुको स्वयं प्रमाणित प्रतिलिपी (तालिम र अनुभव समेत आवश्यक परेमा सोको प्रतिलिपी समेत) र हालसालै खिचेको पासपोर्ट साईजको ३ (तीन) प्रति फोटो र तोकिएको दस्तुर सहित समावेशी तर्फको समूह समेत खुलाई यो सूचना गोरखापत्र दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन र दोव्वर दस्तुर तिरी पहिलो म्याद समाप्त भएको मितिले ७ दिनभित्र रीतपूर्वक दरखास्त फाराम भरी यस संस्थानको प्रधान कार्यालय, जनशक्ति व्यवस्थापन विभागमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । विदेशी विश्वविद्यालय वा परीक्षा बोर्डबाट शैक्षिक प्रमाणपत्र प्राप्त गरेका उम्मेदवारहरुले सम्वन्धित निकायबाट समकक्षताको प्रमाणपत्र पेश गर्नुपर्नेछ । बहालवाला स्थायी कर्मचारी भएमा कार्यरत संस्थाको विभागीय स्वीकृति पेश गर्नु पर्नेछ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | समूह | संख्या | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १ | १/२०७६/७७ | व्यवस्थापक | ९ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बीमा, अर्थशास्त्र, विज्ञान, गणित, तथ्यांकशास्त्र, कानुन वा सूचना प्रविधि मध्ये कुनै एक विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको वा स्नातक सहित चार्टर्ड एकाउण्टेन्सी उत्तीर्ण गरेको र कुनै सरकारी वा प्रचलित कानून बमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा ७ बर्षको अनुभव प्राप्त गरेको तर विद्यावारिधिको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि २ वर्षले कम हुनेछ । अनुभवको हकमा प्रति हप्ता ४० घण्टा भन्दा कम समय काम गरेको अनुभव (आंशिक रुपमा गरेको अनुभव) लाई गणना गरिने छैन । |
| २ | २/२०७६/७७ | सहायक व्यवस्थापक | ६ | खुला | ३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बीमा, अर्थशास्त्र, विज्ञान, गणित, तथ्यांकशास्त्र, कानुन वा सूचना प्रविधि मध्ये कुनै एक विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको वा स्नातक सहित चार्टर्ड एकाउण्टेन्सी उत्तीर्ण गरेको । |
| | | | | महिला | १ | |
| | | | | आ.ज. | १ | |
| | | | | मधेशी | १ | |
| ३ | ३/२०७६/७७ | सहायक "ख" | ४ | खुला | १० | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बीमा, अर्थशास्त्र, विज्ञान, गणित, तथ्यांकशास्त्र, कानुन वा सूचना प्रविधि (कम्प्यूटर) मध्ये कुनै एक विषयमा स्नातक तह उतीर्ण गरेको । |
| | | | | महिला | ३ | |
| | | | | आ.ज. | २ | |
| | | | | मधेशी | २ | |
| | | | | दलित | १ | |

# राष्ट्रिय बीमा संस्थान

प्रधान कार्यालयः रा.बी.सं. भवन, रामशाह पथ, काठमाडौं, नेपाल ।
पत्र-मञ्जुषा नं. ५२७, फोन नं. ४२६२५२० (हंटिङ्ग लाईन) फ्याक्स नं.: ००९७७-१-४२६२६१०
इमेल : info@beema.com.np, वेबसाइट : www.beema.com.np


| | | | |
|---|---|---|---|
| १. | सेवाको किसिम | : | स्थायी । |
| २. | तलब तथा सुविधा | : | संस्थानको नियमानुसार हुनेछ । |
| ३. | उमेरको हद | : | दरखास्त दिने अन्तिम मितिसम्म अधिकृतस्तर तह ९ को लागि २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको र तह ६ को लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको । सहायकस्तर तह ४ को लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको । तर महिला तथा अपाङ्ग उम्मेदवारको हकमा माथिल्लो हद ४० बर्ष ननाघेको हुनु पर्नेछ । |
| ४. | परीक्षणकाल | : | परीक्षणकाल १ बर्षको हुनेछ तर महिला कर्मचारीको हकमा परीक्षणकाल ६ महिनाको हुनेछ । |
| ५. | परीक्षाको किसिम | : | अधिकृतस्तरको हकमा लिखित तथा अन्तर्वार्ता र सहायकस्तरको हकमा लिखित, कम्प्यूटर सीप परीक्षण र अन्तर्वार्ता । |
| ६. | अन्य सेवा र शर्त | : | राष्ट्रिय बीमा संस्थान कर्मचारी नियमावली,२०७५ बमोजिम हुनेछ । |
| ७. | दरखास्त फाराम पाइने तथा बुझाउने स्थान | : | संस्थानको प्रधान कार्यालय, जनशक्ति व्यवस्थापन विभाग, रामशाहपथ, काठमाडौं । दरखास्त फाराम यस संस्थानको website: http//www.beema.com.np बाट समेत Download गर्न सकिनेछ । |
| ८. | दरखास्त बुझाउने अन्तिम मिति | : | यो सूचना गोरखापत्र दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन (मिति २०७६/०६/३०) गते भित्र र दोव्वर दस्तुर तिरी पहिलो म्याद समाप्त भएको मितिले ७ दिन ( मिति २०७६/०७/०७) गते भित्र दरखास्त बुझाउन सकिनेछ । |
| ९. | परीक्षा शुल्क | : | अधिकृतस्तर (तह ९ र तह ६ ) पदका लागि रु.९००/- (नौ सय) र सहायकस्तर (तह ४) पदका लागि रु.६००/- (छ सय) फाराम दस्तुर सहित । |
| १०. | समावेशी समूहका लागि थप शुल्क | : | समावेशी पदहरु अधिकृतस्तर (तह ६) को लागि समूह पिच्छे रु.३००/- (तीन सय) र सहायकस्तर (तह ४) को लागि समूह पिच्छे रु. २००/- (दुई सय) । |
| ११. | परीक्षा हुने मिति र केन्द्र | : | उपरोक्त पदहरुको लिखित परीक्षा लोक सेवा आयोगवाट सञ्चालन हुनेछ । लिखित परीक्षा हुने मिति र परीक्षा केन्द्र पछि प्रकाशित गरिनेछ । |
| १२. | लिखित परीक्षाको लागि सम्पर्क मिति | | २०७६ कार्तिक २२ गते, शुक्रबार |

द्रष्टव्य:

क) शुल्कको हकमा तोकिए बमोजिमको दरखास्त फाराम, परीक्षा र समावेशी शुल्क संस्थानको कृषि विकास बैंक लिमिटेडको चल्ती खाता नं. ०१००२००००२८६८०१२ मा जम्मा गरी सोको सक्कल भौचर दरखास्त फारामका साथ पेश गर्नुपर्नेछ । रकम जम्मा भौचरमा केरमेट नभएको र आवेदनकर्ताको नाम स्पष्ट उल्लेख भएको हुनुपर्नेछ ।

# राष्ट्रिय बीमा संस्थान

प्रधान कार्यालयः रा.बी.सं. भवन, रामशाहपथ, काठमाडौं, नेपाल ।
पत्र-मञ्जुषा नं. ५२७, फोन नं.: ४२६२५२० (हंटिङ्ग लाईन) फ्याक्स नं.: ००९७७-१-४२६२६१०
इमेल : info@beema.com.np वेबसाइट : www.beema.com.np


ख) सहायक व्यवस्थापक (तह ६), सहायक "ख" (तह ४) पदको परीक्षामा सफल हुने उम्मेदवारहरुलाई अन्तिम योग्यताक्रमका आधारमा शाखागत रुपमा छनौट सूची प्रदान गरी नियुक्ति गरिनेछ । सुरु नियुक्ति भएको शाखा कार्यालयमा न्यूनतम ३ वर्ष सेवा गर्नुपर्नेछ ।

ग) प्राप्त दरखास्त आंशिक वा पूर्णरुपले कुनै सूचना दिई वा नदिई समेत रद्द गर्न सकिने छ ।

घ) खुला तथा समावेशी तर्फको लागि एउटै दरखास्त पेश गरे पुग्नेछ । साथै समावेशी तर्फ एक भन्दा वढी समूहमा दरखास्त दिने भएमा समुह पिच्छे छुट्टा छुट्टै शुल्क सहित दरखास्त दिनुपर्नेछ । यस संस्थानमा कार्यरत कर्मचारीहरुले पनि सोही बमोजिम आवेदन गर्नुपर्नेछ ।

ङ.) उपरोक्त पदहरुको खुला तथा समावेशी समुहको एउटै परीक्षा हुनेछ ।

च) दरखास्त फाराम, पाठ्यक्रम तथा अन्य जानकारीको लागि यस संस्थानको website: http//www.beema.com.np वाट Download गरी हेर्न सकिनेछ ।

पुनश्चः

समावेशी तर्फका आवेदकहरुले पेश गर्नुपर्ने थप कागजातहरु :

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातीको हकमा सो सूचीका आधारमा , तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा वढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

(ख) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एक भन्दा वढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

(ग) अपाङ्गको हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(घ) मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

(अविकेशर ओली)
सदस्य सचिव, पदपूर्ति समिति